मितिः २०७९/११/२८, का. पा. बैठक संख्या १९

## कार्यपालिका वैठकका निर्णयहरु

प्रस्तावहरु

१.फोहर मैला ब्यवस्थापन सम्बन्धमा ।
२.१५ शैया अस्पतालको जग्गा सम्बन्धमा ।
३.धानबाली पकेट सम्बन्धमा ।
४.विविध

निर्णयहरुः

१.फोहर मैला व्यबस्थापन सम्बन्धमा
ओमसतिया गाउँपालिका अन्तरगत फोहर मैला ब्यबस्थापनको स्थान सम्बन्धमा आगामी बैठकमा थप छलफल गर्ने ।

२.१५ शैया अस्पतालको जग्गा सम्बन्धमा
प्राथमिक स्वास्थ्य केन्द्र बसन्तपुरमा रहेको कित्ता नं ७२१, १९ र ११९ दश कठ्ठा जग्गा संस्थाको नाममा लालपूर्जा रहेको सोहि स्थानमा १५ शैयाको अस्पताल निर्माण गर्ने र आवासको लागि सो जग्गाको नजिकै रहेको ऐलानी कित्ता नं ५(क)१५७ को दश कठ्ठा जग्गा अस्पतालले उपभोग गर्ने गरि अस्पतालको स्वीकृतिको लागि सिफारिस गर्ने ।

३.धानवाली पकेट सम्बन्धमा
प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना अन्तरगत आ.ब. ०७९/०८० को धानवाली पकेट विकास कार्यक्रम ओमसतिया -३ करुवानीमा रहेको श्री लक्ष्मी महिला कृषक समूहले संचालन गर्ने गरि अनुमोदन गर्ने ।

५.विविध
१.ओमसतिया गाउँपालिका शिक्षा शाखाद्धारा सम्पादन गरिने पालिका स्तरिय परीक्षाको लागि देहाय बमोजिमको पालिका स्तरिय परीक्षा समिति गठन गर्ने निर्णय गर्ने ।

| | | |
|---|---|---|
| मन्जित कुमार यादव (सोनु ) | गा.पा. अध्यक्ष | -संयोजक |
| सुनिता चौधरी | गा.पा. उपाध्यक्ष | -सदस्य |
| विपिन क्षेत्री | प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| मदन प्रसाद पोखरेल | गा.पा. प्रवक्ता का.सदस्य | -सदस्य |
| प्रकाश सिंह | सामाजिक विकास समिति संयोजक | -सदस्य |
| राज कुमार गुरुङ्ग | प्र.अ. मिनर्वा हाई स्कूल | -सदस्य |
| रमा अर्याल | प्र.अ. जनजागृति मा.बि. | -सदस्य |
| अष्टभुज राय | शिक्षक बसन्तपुर दशरथ जनता मा.बि. | -सदस्य |
| सम्बन्धित क्षेत्रको प्रहरी ईन्चार्ज | पदेन सदस्य | –सदस्य |
| हरि प्रसाद पोखरेल | शिक्षा अधिकृत | – सदस्य सचिव |

विपिन क्षेत्री

मितिः २०७९/११/२८, का. पा. बैठक संख्या १९

२.छोटकी रामनगर मा.वि.बाट पेश भएको कार्यालय सहायक नन्द किशोर निशादको फाइल सम्बन्धमा अध्यन गरि अर्को बैठकमा पेश गर्ने ।

३.रोहिणी नदिको नदिजन्य पदार्थको ठेक्का पक्रिया अगाडि बढाउन लागि बिभिन्न घाटको पहिचान गरि प्रारम्भिक वातावरण परीक्षण (IEE )गर्ने ।

४.सूरक्षित नागरिक आवासको कार्यक्रम - लुम्बिनी प्रदेश रुपन्देही जिल्ला क्षेत्र नं -३ ओमसतिया गाउँपालिका वडा नं -२ मा ५० वटा घर निर्माण गर्ने र वडा नं १, ३, ४, ५ ६ मा १०० वटा क्रमागत घर निर्माण गर्ने काम प्रक्रिया अगाडी बढाउने ।

५.जिल्ला समन्वय समितिबाट आ.व. ०७९/०८० को लागि थप रकम निकासा माग गर्ने ।

६.गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम २०७८ बमोजिम भूमि ब्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयले पहिचान गरि पठाएको ओमसतिया गाउँपालिकाका विभिन्न वडाका गरिव परिवार पहिचानको पि डी एफ सूचि सार्वजनिक गर्ने । र भूमि ब्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयको निर्देशिका बमोजिम "गुनासो सुनुवाइ समिति " र "वडा स्तरिय गुनासो सुनुवाइ सहजिकरण समिति" गठन गर्ने ।

८. यस गाउँपालिका स्थित वडा नं ३ बस्ने फकरुद्दिन पठानले श्री अहमदी कन्सट्रक्सन ओमसतिया-३ लागि आब्शयक प्रमाण पत्र सहित पेश गरेकोमा उक्त निर्माण कम्पन्नीलाई यस गाउँपालिकामा दर्ता गरी घ बर्गको निर्माण व्यवसायी इजाजत पत्र उपलब्ध गराउने।

मन्जित कुमार यादव (सोनु)
अध्यक्ष

विपिन क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत